(ग) नगरपालिकाले पुऱ्याउने सेवा स्तर वृद्धि गर्न अपनाउनु पर्ने रणनीति एवं कार्यगत रणनीतिको कार्यान्वयन कार्यतालिका तयार हुने ।

(घ) नगरपालिकाले पुऱ्याउँदै आएको सेवाहरुको वर्गीकरण गर्दै तिनको सेवास्तर बृद्धि गर्न कार्ययोजना तयार पार्ने ।

(ङ) कार्यगत रणनीति एवं कार्ययोजना बीच सामन्जस्यता ल्याई नगरपालिकाले भ्रष्टाचार न्यूनीकरण एवं सुशासन प्रवर्द्धनका लागि गर्नुपर्ने कार्यहरुको कार्यगत खाका तयार पार्ने ।

(च) अनुगमन एवं मूल्यांकन कार्यलाई प्रभावकारी रुपले संचालन गर्न आवश्यक खाकाहरु तयार पार्ने ।

(छ) अनुगमन एवं मूल्यांकन कार्यलाई प्रभावकारी बनाउन आवश्यक शिप विकास हुने ।

(ज) कार्यक्रमको अन्त्यमा नगरपालिकामा सुशासन प्रवर्द्धन एवं भ्रष्टाचार न्यूनीकरण सम्बन्धी दस्तावेज कार्यान्वयनका लागि नगर प्रशासनलाई हस्तान्तरण हुने ।

(झ) गरपालिकाभित्रका सामुदायिक संगठन तथा नागरिक समाजलाई कृयाशील गराई सहभागिता अभिबृद्धि गर्ने ।

(ञ) नगरपालिकाबाट भए गरेका निर्णय, कार्यान्वयनका चरणहरु र खर्च मिडियाहरुको प्रयोग गरी सर्वसाधारण-लाई समुचित गर्ने ।

## कार्यक्रम संचालन प्रकृया

यो कार्यक्रम गर्दै सिक्दै जाने (Learning by doing) विधि अनुरुप हुनेछ । सम्बन्धित नगरपालिकाका पदाधिकारी एवं अन्य स्थानीय सरोकारवालाहरुको सकृय सहभागितामा यो कार्यक्रम संचालन हुनेछ । मूलतः यो कार्यक्रम कार्यशाला गोष्ठीको रुपमा सचालन गरिनेछ । यसमा प्रतिष्ठानका दक्षहरुले सहजकर्ताको भूमिका खेल्नेछन् र प्रतिष्ठानले तयार पारेको खाका अनुसार कार्यशाला गोष्ठी संचालन गर्नेछन् ।

## कार्यक्रमका सरोकारवालाहरू

(क) सम्बन्धित नगरपालिकाहरु

(ख) स्थानीय विकास मन्त्रालय

(ग) नेपाल नगरपालिका संघ

(घ) राजनैतिक दलका प्रतिनिधिहरु

(ङ) संचार समूह

(च) स्थानीय संघ संस्थाहरु

(छ) उपभोक्ता समितिका पदाधिकारीहरु

(ज) नगरवासी

## कार्यक्रमको अवधि

यो कार्यक्रम जम्मा ४ दिनको अर्थात ३२ कार्य घण्टाको हुनेछ ।

## कार्यक्रममा लाग्ने खर्च

यसमा लाग्ने खर्च सम्बन्धित नगरपालिका आफैले वा सहयोगी राष्ट्रिय वा अन्तरराष्ट्रिय संघसंस्थाले व्यहोर्नु पर्नेछ ।


थप जानकारीका लागि

**स्वशासन अध्ययन प्रतिष्ठान (Inlogos)**

अनामनगर, काठमाण्डौं

फोन नं. ००९७७-०१-४१०२५३४/०१६२२०१९५ पो.व.नं. २१०९८

Website: www.inlogos.org Email: inlogos@wlink.com.np

जि.प्र.का.द.नं. ५१६-०६१/०६२

समाज कल्याण परिषद द.नं. १७८२५


# नगरपालिकाको सु-शासन र भ्रष्टाचार विरुद्ध रणनीति तर्जुमा

२०६५

स्वशासन अध्ययन प्रतिष्ठान

Inlogos

## पृष्ठभूमि

लोकतन्त्रको सुदृढीकरण एवं कानूनी शासन स्थापना गर्न सु-शासनको प्रवर्द्धन हुनु अति जरुरी पर्दछ । पारदर्शिता, दक्षता, सहभागिता, समता, जवाफदेही एवं समावेशीकरण सु-शासनका अपरिहार्य आधार हुन् । मानव अधिकारको सुनिश्चितताको लागि पनि सु-शासनले त्यत्तिकै महत्वपूर्ण भूमिका खेल्दछ । भ्रष्टाचार र सु-शासन एकैसाथ जान सक्दैनन् । हाम्रा सार्वजनिक संस्थाहरुमा सु-शासनलाई अझ बढी प्रभावकारी रुपले अघि बढाउनमा अनुचित कार्य र भ्रष्टाचार प्रमुख बाधकको रुपमा रहिआएका छन् । त्यसैले सार्वजनिक संस्थाहरुमा सु-शासनको प्रवर्द्धन गरी भ्रष्टाचार न्यूनीकरण गर्ने हेतुले हाल मुलुकका महा/उपमहा/नगरपालिकाहरु (यसपछि नगरपालिका भनिने) मा भ्रष्टाचार रोकथामका उपायहरु (Corruption Prevention Measures) अपनाउन चाहिने तरिका विकास गर्ने हेतुले यो कार्यक्रम संचालन गर्न लागिएको हो ।

नगरपालिकाहरुमा भ्रष्टाचार न्यून गर्नका लागि सु-शासन प्रवर्द्धन गर्न र यसले पुऱ्याउने सेवा स्तर बृद्धि गर्न सहयोग पुऱ्याउने लक्ष्य लिएर पनि यो कार्यक्रम संचालन गर्न लागिएको हो । यस कार्यक्रमले नगरपालिकामा सु-शासन कायम गर्दै भ्रष्टाचार न्यूनीकरणमा आवश्यक सहयोग पुऱ्याउन मद्दत पुग्ने विश्वास गरिएको छ ।

नेपालमा भ्रष्टाचार हुनमा यहाँको प्रशासनिक संयन्त्रले प्रमुख भूमिका खेलेको छ । यसै सन्दर्भमा नगरपालिकाको सेवा प्रदान गर्ने क्षमतामा अभिबृद्धि गर्न यसमा विद्यमान कमी कमजोरीहरुलाई हटाउने उपायहरु अपनाउनु जरुरी छ । नगरपालिकाले हाल पुऱ्याउँदै आएका सेवाहरुमा ढिला-सुस्ती, खर्चालु, परिस्थिति अनुसार निर्णय गर्ने प्रवृत्ति र सर्वसाधारण प्रति संवेदनशिलतामा कमी आदि जस्ता जनगुनासाहरु पाइने गरेकाछन् । तसर्थ नगरपालिकालाई नगरबासी प्रति उत्तरदायी बनाई भरपर्दो सेवा पुऱ्याउनु र यस्ता संस्थाहरुलाई स्वच्छ, सक्षम र प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्नको लागि पनि यसका कमी कमजोरीहरुको अध्ययन गर्नु र यस्ता कमी कमजोरीहरु हटाउन आवश्यक रणनीति तयार पारी लागू गर्नुपर्ने आवश्यकताको महशुस भएको छ ।

नगरपालिकाले प्रदान गर्ने सेवाका विविधता एवं तिनले परिचालन गर्ने स्रोतको परिमाणलाई बिचार गर्दा यिनमा सु-शासन कायम गर्दै यिनको कार्यक्षमतामा सुदृढीकरण गर्नु जरुरी देखिन्छ । यसका लागि नगरपालिकाभित्रका कमीकमजोरीहरुलाई हटाई यिनका राम्रा पक्षलाई प्रष्फुरण गरी नगरपालिकाहरुलाई सु-शासित ढंगबाट संचालन गर्न मद्दत पुऱ्याउने हेतुले यो कार्यक्रम संचालन गर्न खोजिएको छ ।

स्वशासन अध्ययन प्रतिष्ठान (Inlogos) स्थानीय स्तरको (जिल्ला, नगर, गाउँ) बिकेन्द्रिकरण तथा सु-शासन प्रत्याभूत गर्न उपयुक्त व्यवस्थापन, प्रविधि एवं जनशक्तिको विकास गर्न सघाउने एक गैरसरकारी संस्था हो । नगरपालिकाहरुलाई स्वच्छ एवं स्तरीय सेवा प्रदायक संस्थाको रुपमा विकास गरी प्रजातन्त्र, मानव अधिकार एवं विकेन्द्रिकरणको संस्थागत विकास गरी सुनिश्चित गर्न सहयोग पुऱ्याउने हेतुले यस प्रतिष्ठानले यो कार्यक्रम तयार पारी संचालन गर्न लागेको छ । यस प्रतिष्ठानले काठमाडौं उपत्यकाको एक नगरपालिका र तराईका दुईवटा उपमहा-नगरपालिकाहरुको एक वर्षभित्र बिभिन्न चरण बनाई स्थलगत अध्ययन गरेर त्यसको आधारमा रणनीति र कार्ययोजना विकास गरेको हुँदा यो कार्यक्रम व्यावहारिक र वस्तुपरक छ । यस कार्यक्रमलाई सफल पार्न र यसले निर्धारण गरेको उद्देश्य हासिल गर्न सम्बन्धित नगरपालिका, सरकारी, गैरसरकारी लगायत राष्ट्रिय-अन्तरराष्ट्रिय संघसंस्था एवं व्यक्तिहरुबाट आवश्यक सहयोग प्राप्त हुने अपेक्षा प्रतिष्ठानले गरेका छ ।

## कार्यक्रमको बृहत् उद्देश्य

नगरपालिकाहरुमा विद्यमान कमी कमजोरीहरु हटाई यसको आयस्रोत एवं सेवास्तर बृद्धि गरी यसले पुऱ्याउने सेवाप्रति नगरबासीहरुको विश्वास जगाउने ।

## कार्यक्रमको खास उद्देश्यहरु

(क) नगरपालिकाका विद्यमान सवल एवं कमजोर पक्षको विश्लेषण गरी तिनको सेवा स्तर बृद्धि गर्न आवश्यक क्षेत्रहरुको पहिचान गर्न सहयोग पुऱ्याउने ।

(ख) नगरपालिकाको सेवास्तर बृद्धि गर्न आवश्यक रणनीति एवं कार्यगत रणनीतिहरु तयार पार्न सहयोग पुऱ्याउने ।

(ग) नगरपालिकालाई सुशासित, संगठित, व्यवस्थित एवं स्वच्छ सार्वजनिक स्थानीय निकायको रुपमा विकास गर्न यसले गर्दै आएको कार्यहरुको स्तर बृद्धि गर्न आवश्यक विधि र तरिका तयार पार्न सहयोग गर्ने ।

## कार्यक्रम परिचय

(क) नगरपालिकाको विद्यमान नीति निर्माण र कार्यशैलीको सकारात्मक एवं नकारात्मक पक्षको विश्लेषण गर्ने ।

(ख) पहिचान भएका सकारात्मक एवं नकारात्मक पक्षका आधारमा नगरपालिकाले पुऱ्याउँदै आएको सेवा स्तरलाई प्रभावकारी, पारदर्शी, स्वच्छ एवं जनमुखी बनाउन आवश्यक रणनीतिहरु एवं कार्यगत रणनीतिहरु तर्जुमा गर्ने ।

(ग) तर्जुमा भएका कार्यगत रणनीतिहरुको कार्ययोजना खाका (Matrix) तयार पार्ने ।

(घ) नगरपालिकाले पुऱ्याउँदै आएका सेवाहरुबारे विश्लेषण गर्ने र सेवास्तर बृद्धि गर्न आवश्यक गतिविधि एवं तयार पारिएका कार्यगत रणनीति बीच तादम्यता ल्याउने ।

(ङ) नगरपालिका अन्तरगत संचालित कार्यक्रमहरुको अनुगमन मूल्यांकन सम्बन्धी अवधारणा विकास गरी एकरुपको अनुगमन मूल्यांकन खाका तर्जुमा गर्ने र तयार पारिएको खाका लागू गर्ने प्राविधिक ज्ञान हस्तान्तरण गर्ने ।

## कार्यक्रमका अपेक्षित नतिजाहरु

(क) नगरपालिकाका विद्यमान प्रशासनिक संरचना र सेवा प्रवाहका राम्रा एवं कमी कमजोरीहरु पहिचान हुने ।

(ख) सम्बन्धित नगरपालिकाका पदाधिकारी एवं अन्य सरोकारवालाहरुको सहभागितामा नगरपालिकाको कार्यदक्षता बृद्धि गर्न आवश्यक रणनीति एवं कार्यगत रणनीति तर्जुमा हुने ।